"स्वच्छ, सुन्दर, र समुन्नत शहर, मधेशको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१४४४
Email:maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

## प्रेस विज्ञप्ति

विगत केही दिन देखि यस नगर क्षेत्रमा अनावश्यक रुपमा फैलिएको लालबन्दी नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक शिक्षिकाको सरुवाको हल्ला प्रति हाम्रो ध्यानाकर्षण भएको छ।

लालबन्दी नगरपालिकामा रहेको शिक्षक दरबन्दी साविकमा जे-जस्तो अवस्थामा थियो, हालसम्म पनि सोही अवस्थामा रहेको र दरबन्दी मिलान लगायतका कारणले यस नगरको सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर खस्किँदो अवस्थामा रहेको यथार्थ हालै प्रकाशित एस.इ.इ. परीक्षाको नतिजाले पुष्ट्याई गरिसकेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) बमोजिम सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने अधिकार स्थानीय सरकारलाई भएको र सोही अनुरुप स्वच्छ र निष्पक्ष तबरवाट उक्त दरबन्दी मिलानगर्न आवश्यक मापदण्ड तयार गर्ने बिषयमा सम्बन्धित संघ संगठनको संयुक्त राय समेत माग गरिएको र हालसम्म प्राप्त भइनसकेको अवस्था छ।

तसर्थ नीतिगत निर्णयको प्रक्रिया अगाडी बढाउनु पूर्व विभिन्न हल्लाको पछि नलाग्न, दरवन्दी मिलानबाट नआत्तिन र नगरपालिका भित्रका सवै विद्यालयमा समानस्तरको शिक्षाको गुणस्तर कायम गर्न अग्रसरता देखाउनु हुन अनुरोध गर्दै अनावश्यक हल्लाले पठन-पाठनमा आएको व्यवधान तथा व्यथितिको अन्त्य गर्न गराउन सम्पूर्ण विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकज्यू सँग आग्रह गर्दै यो विज्ञप्ति जारी गरिएको छ। शिक्षाको गुणस्तर सुधार्ने नगरपालिकाको प्रयासमा सदाझैं समाजका बुद्धिजिवीहरु, शिक्षा प्रेमिहरु तथा राजनीतिक दलहरुवाट समेत रचनात्मक सहयोगको अपेक्षा राख्दछौं।

मिति : २०८१/०५/१७, सोमबार

.................
वासुदेव अधिकारी
नगर प्रमुख